का.जि.प्र.का.द.नं. १००/०५९/६०

२१ मंसिर २०८१,

शुक्रबार

6 December, 2024

Friday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्नु

वर्ष २२, अंक २८७ । पृष्ठ १०

Madhyanha National Daily

www.madhyanhadaily.com

# प्रत्यक्ष निर्वाचित कार्यकारीबारे फेरि बहस



मुख्य राजनीतिक दलहरू संविधान संशोधन गर्नुपर्ने बहसमा उत्रिएका छन् । तर, उनीहरूका एजेन्डा आ-आफ्नै छन् । प्रमुख प्रतिपक्षी दल माओवादीले भने प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपतिसहितका एजेन्डा अगाडि सारेको छ

**जानकी पाठक/मध्यान्ह**
काठमाडौं, २० मंसिर ।

नेपालमा बेलाबेलामा चर्चामा आउने शासकीय प्रणालीबारे एउटा विषय हो- प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख । नेपालको लोकतान्त्रिक आन्दोलन र राजनीतिक परिवर्तनका बेला हरेक पटकजसो यो विषय उठ्ने गरेको छ ।

संविधान निर्माणका बेला यो विषय चर्कोगरी उठेको थियो । खासगरी माओवादीले संसद्बाट निर्वाचित कार्यकारी प्रमुख नभएर प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपतिको माग राखेको थियो । तर, दोस्रो संविधानसभासम्म पुग्दा माओवादी बहुमत पुऱ्याउन नसक्ने भएपछि संविधान जारी गर्ने बेलामा 'नोट अफ डिसेन्ट' लेखेर अगाडि बढेको थियो । त्यसयता यो विषय ओझेलमा परेको थियो ।

१० वर्षपछि माओवादीले यो विषय उठाउने निर्णय गरेको छ । बिहीबार बसेको माओवादीको पदाधिकारी बैठकले प्रत्यक्ष निर्वाचित राष्ट्रपति, पूर्ण समानुपातिक निर्वाचन र सांसदहरू मन्त्री नबन्नेगरी संविधानमा व्यवस्था गर्न पहल गर्ने निर्णय गरेको छ । माओवादी उपाध्यक्ष अग्नि सापकोटाका अनुसार यो विषयलाई स्थायी समिति, केन्द्रीय समितिमा लगेर थप छलफल गरेर जनतामा जाने नीति अख्तियार गरेको छ ।

माओवादी केन्द्रको यस्तो निर्णयसँगै फेरि प्रत्यक्ष निर्वाचित कार्यकारीबारे बहस सुरु भएको हो । सरकारले नै संविधान संशोधन गर्ने भनेकाले आफूहरूको एजेन्डा प्रस्ट गरिएको माओवादी नेताहरू बताउँछन् ।

हाल प्रतिपक्षमा रहेको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले पनि प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुखको विषय उठाउँदै आएको छ । रास्वपाका नेताहरू प्रत्यक्ष निर्वाचित कार्यकारी प्रधानमन्त्रीको पक्षमा उभिँदै आएका छन् ।

हाल सरकारको नेतृत्व गरिरहेको नेकपा एमालेले पनि संविधान निर्माणका बेला प्रत्यक्ष निर्वाचित प्रधानमन्त्रीको पक्षमा आफूलाई उभ्याएको थियो । तर, माओवादीले प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति भनेको र कांग्रेस प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुखका लागि तयार नभएको भनेर एमालेले संसद्को बहुमतबाट प्रधानमन्त्री चुनिने शासकीय प्रणालीको पक्ष लिएको थियो । यो अवस्थामा जारी भएको संविधानले संसद्बाटै कार्यकारी प्रमुख बन्ने शासकीय स्वरूप अवलम्बन गरेको हो । नेपाली कांग्रेस विगतदेखि नै संसद्बाट प्रधानमन्त्री पृष्ठ २ मा

## बीआरआई फ्रेमवर्क सम्झौता
# कांग्रेस असन्तुष्ट



'प्रधानमन्त्रीको भ्रमणपूर्व बीआरआईमा अनुदान मात्र लिने भनेका थियौं । तर, चीनमा गठबन्धनमा भएको सहमतिविपरीत र निकै पर गएर सम्झौता भयो'

■ **एनपी साउद**
**नेता, नेपाली कांग्रेस**



'सम्झौतामा ऋण र अनुदान उल्लेख छैन भने सहायता शब्द उल्लेख गरिएको छ । यो सम्झौतामा जुन शब्द नेपालले छनोट गरेको छ, त्यो निकै महत्त्वपूर्ण हो'

■ **प्रदीप ज्ञवाली**
**उपमहासचिव, नेकपा एमाले**



'नेताहरूले अब हामी बीआरआईको ऋण पनि लिन तयार भयौं भनेर जनतालाई भन्न सक्नुपर्छ । हामीले ऋण पनि लिने भयौं, अनुदान पनि लिने भयौं'

■ **प्रा. डा. गोविन्दराज पोखरेल**
**नेता, नेपाली कांग्रेस**

**निमिष झा/मध्यान्ह**
काठमाडौं, २० मंसिर ।

चीनको बेल्ट एन्ड रोड इनिसिएटिभ (बीआरआई) परियोजनामा नेपाल र चीनबीच भएको 'फ्रेमवर्क सम्झौता'प्रति सत्ता साझेदार दल नेपाली कांग्रेसले असन्तुष्टि जनाएको छ ।

प्रधानमन्त्री केपी शर्मा ओलीको चीन भ्रमणको क्रममा बुधबार बीआरआई कार्यान्वयनका लागि बनेको 'फ्रेमवर्क सम्झौतापत्र'मा हस्ताक्षर भएको हो ।

फ्रेमवर्क सम्झौतामा नेपालका तर्फबाट परराष्ट्र कायममुकायम सचिव अमृतबहादुर राई र चीनका तर्फबाट चीनको नेसनल डेभलपमेन्ट एन्ड रिफर्म कमिसनका उपाध्यक्ष लिउ सुसेले हस्ताक्षर गरेका हुन् ।

नेपालले सन् २०१७ मै बीआरआईको सैद्धान्तिक सम्झौतामा हस्ताक्षर गरेको ७ वर्षपछि निकै रस्साकसी र विवादका बीच 'फ्रेमवर्क सम्झौता'मा हस्ताक्षर भएको हो ।

सम्झौताअनुसार बीआरआई परियोजना 'ग्रान्ट फाइनान्सिङ (अनुदान)मा अब जाने छैन । अब बीआरआई 'टेक्निकल सपोर्ट एन्ड एड फाइनान्सिङ मोडालिटी (प्राविधिक सहयोग र सहायता)'मा अघि बढ्ने छ । यसको अर्थ कांग्रेसले लिइरहेको अडान 'अनुदान'मा नभई 'ऋण' वा 'अनुदान' दुवैमा बीआरआई पृष्ठ २ मा

## NPL आजको खेल

कर्णाली याक्स VS चितवन राइनोज
बिहान ९: १५ बजे

लुम्बिनी लायन्स VS पोखरा एभेन्जर्स
दिउँसो १: १५ बजे

**वैदेशिक रोजगार विशेष**

# वास्तु पूजालगत्तै संघको भवनमा असन्तुष्टि र विवाद

**मध्यान्ह संवाददाता**
काठमाडौं, २० मंसिर ।

नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनले नेपाल वैदेशिक रोजगार व्यवसायी संघले खरिद गर्न लागेको भवन उपयुक्त नभएको बताएको छ ।

संघले राजधानीको सिफलमा ६ आना १ पैसा जग्गामा बनेको साढे ३ तले भवन खरिदका लागि बैनाबट्टा गरी बुधबार धार्मिक विधिअनुसार वास्तु पूजा सम्पन्न गरेको थियो । संघले उक्त भवन खरिदका लागि बैना गरेको सार्वजनिक भएदेखि नै सामाजिक संजालमा असन्तुष्टि जनाइएको अवस्थामा एसोसिएसनले बिहीबार विज्ञप्तिमार्फत औपचारिक रूपमा नै आफ्नो असन्तुष्टि सार्वजनिक गरेको हो ।

एसोसिएसन अध्यक्ष दीपक थापा र महासचिव महेशकुमार बस्नेतले संयुक्त रूपमा जारी गरेको विज्ञप्तिमा विगतमा दूरदर्शिता राख्न नसक्दा संघका लागि आफ्नै भवन बनाउन ७ आना जग्गा खरिद गरी शिलान्याससमेत भएको जग्गामा सामान्य टहरासमेत बनाउन नमिल्ने अवस्था देखिएको भन्दै हाल आएर पुनः संघले आफ्ना घटक, शुभेच्छुक, जातीय/भेगीय संस्थाहरू र संघकै पूर्व जिम्मेबार व्यक्तित्वहरूलाई समेत बाहिर राखेर अपारदर्शी रूपमा संस्थागत सम्पत्ति खरिद प्रक्रियासमेत पूरा नगरी भवन खरिद प्रक्रिया अघि बढाउनु उचित नभएको उल्लेख छ । विज्ञप्तिमा भनिएको छ, पृष्ठ २ मा

## संघसँग एसोसिएसनका ६ प्रश्न

**काठमाडौं/मस-** नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनले भवन खरिद सम्बन्धमा नेपाल वैदेशिक रोजगार व्यवसायी संघसँग ६ प्रकारका स्पष्टता माग गरेको छ ।

संघमा बिहीबार लिखित निवेदन पेस गर्दै एसोसिएसनले भवन खरिदका लागि भएका व्यवसायी भेला तथा संघ कार्यसमितिका निर्णय, भवन खरिद प्रक्रियालाई पारदर्शी बनाउन अपनाएका पृष्ठ २ मा


## कतारमा रोजगारको अवसर

कम्पनी : TIME ALSHAI — शहर: QATAR
पूर्व स्वीकृत मितिः २०८१/०८/१९ — चलानी नं.: ६०२२९२८३ — L.T. No.: 314932

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Bell Man | 23 | 0 | सम्बन्धित काममा दक्ष | 1300 | ४८२४३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Waiter | 5 | 0 | | 1400 | ५१९५४ | | | | | | | |

कम्पनी : TIME ALSHAI — शहर: QATAR
पूर्व स्वीकृत मितिः २०८१/०६/२९ — चलानी नं.: ६०२२६६०७ — L.T. No.: 311937 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Bellman | 8 | 0 | सम्बन्धित काममा दक्ष | 1300 | ४८२४३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Ground Steward | 20 | 0 | | 1400 | ५१९५४ | | | | | | | |
| 3. | Waiter | 10 | 0 | | 1400 | ५१९५४ | | | | | | | |

अन्तर्वार्ता स्काई व्याङ्क्वेट, सामाखुशीमा २०८१ मंसिर २८ गते (13 December 2024) मा हुनेछ ।
अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ मंसिर २९ गते (14 December 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

EQUATOR INTERNATIONAL (P.) Ltd.
LIC. NO. 746/064/065
कार्यालयः गोंगबु चोक, काठमाडौं, नेपाल । Tel No: 014986469 / 014986470, Mob.: 98510-96808, 98510-34986, 98510-11886, 9841569654 Email: equator746@gmail.com | Website: www.equatorintl.com



मध्यान्ह
दैनिक
www.madhyanhadaily.com
२१ मंसिर २०८१, शुक्रबार
6 December 2024, Friday

# वाइडवडी भ्रष्टाचार प्रकरणमा ४ जना दोषी ठहर

**काठमाडौं/मस**–विशेष अदालत काठमाडौंले दुईवटा वाइडबडी विमान खरिदमा भ्रष्टाचार गरेको दावी गरिएको मुद्दामा फैसला सुनाउँदै आंशिक दोषी ठहर गर्ने फैसला सुनाएको छ।

बिहीबार विशेष अदालतले चार जना नेपालीलाई दोषी ठहर गरेको हो। दोषी ठहर हुनेहरुमा नेपाल वायु सेवा निगमका अध्यक्ष शंकर अधिकारी, महाप्रवन्धक सुगतरत्न कंशाकार र निगमका सदस्यद्वय बुद्धिसागर लामिछाने र शिशिर ढुंगाना रहेका छन्। विशेष अदालतका अध्यक्ष टेकनारायण कुँवरका अनुसार न्यायाधीश तेज नारायण सिंह राई र न्यायाधीश रितेन्द्र थापाको इजलासले यस्तो फैसला सुनाएको हो।

विशेष अदालतले १ अर्ब ४७ करोड रुपैयाँ नै भ्रष्टाचार भएको ठहर गर्दै दामासाहीले बिगो असुल्नुपर्ने फैसला गरेको विशेष अदालतका सूचना अधिकारी यज्ञराज रेग्मीले बताए।



वाइडबडी विमान खरिदमा भ्रष्टाचार भएको भन्दै अख्तियार दुरूपयोग अनुसन्धान आयोगले २२ चैत २०८० मा विशेष अदालतमा ३२ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको थियो।

विशेष अदालतले तत्कालीन पर्यटनमन्त्री जीवनबहादुर शाहीसहित अरु आरोपितलाई सफाइ दिएको छ।

अख्तियारले वाइडबडी प्रकरणमा १ अर्ब ४७ करोड रूपैयाँ हानि नोक्सानी भएको निष्कर्ष निकालेको थियो। अख्तियारले सबै ३२ आरोपितमाथि समान बिगो मागदाबी गरेको थियो। आरोपितमध्ये ७ जना सञ्चालक समितिका पदाधिकारी र १४ जना निगमका कर्मचारी रहेका थिए।

वाइडबडी जहाज खरिद प्रक्रियामा बदनियत साथ काम गरेको आरोपमा तीन विदेशी नागरिकसहित पाँच कम्पनी र तिनका प्रतिनिधिविरुद्ध पनि अख्तियारले मुद्दा दायर गरेको छ। सबैमाथि एउटै रकम अर्थात् १ अर्ब ४७ करोड रूपैयाँ बिगो मागदाबी गरेको थियो।

# गुल्मीमा सद्भाव युवा समाज कतारद्वारा शैक्षिक सामग्री वितरण



तिलु शर्मा पौडेल/मध्यान्ह
दोहा, २० मंसिर

सद्भाव युवा समाज कतार र सद्भाव युवा समाज नेपालको संयुक्त आयोजनामा गुल्मीको एक विद्यालयमा शैक्षिक सामग्री वितरण गरिएको छ।

जिल्लाको इस्मा गाउँपालिका वडा नं.५, रातापोखरास्थित सिद्ध आधारभूत प्राथमिक विद्यालयमा अध्ययनरत ६५ जना विद्यार्थीहरूलाई १ लाख २१ हजार बराबरको ट्र्याक सुट, स्कुल ब्याग लगायत शैक्षिक सामग्री वितरण गरिएको समाज कतारले जनाएको छ। विद्यालय व्यवस्थापन समितिका अध्यक्ष ज्ञान बहादुर विष्टको अध्यक्षता तथा इस्मा गाउँपालिका उपप्रमुख तथा अधिवक्ता पार्वती कुँवरको प्रमुख आतिथ्यतामा स्कुल प्राङ्गणमा सम्पन्न कार्यक्रममार्फत उक्त सामग्रीहरु हस्तान्तरण गरिएको हो। आफ्नो शुभकामना मन्तव्य राख्दै प्रमुख अतिथि कुँवरले सहयोग गर्ने संस्थाको उच्च प्रशंसा गर्दै सद्भाव युवा समाजलाई सिंगो गाउँपालिकाको र व्यक्तिगततर्फबाट धन्यवाद तथा आभार प्रकट गरिन्। कार्यक्रममा विभिन्न वैचारिक दलका प्रमुख तथा प्रतिनिधिसहित वडाध्यक्ष लगायत स्थानीय र विद्यार्थी उपस्थिति रहेको थियो। कार्यक्रममा स्कुलका छात्राहरूको साङ्गीतिक प्रस्तुति समेत दिएका थिए।

विद्यार्थीहरूलाई 'सद्भाव उपहार' स्वरूप वितरण गरिएको समाज कतारले जनाएको छ। विद्यार्थीहरूलाई थोरै भए पनि सहयोग होस् भन्ने उद्देश्यले उक्त सामग्री सहयोग स्वरूप वितरण गरिएको समाजका अध्यक्ष विजय गुरुङले मध्यान्ह दैनिकसँगको कुराकानीमा बताए। उनले उक्त कार्यक्रम सम्पन्न गर्न खटिने सम्पूर्णप्रति आभार व्यक्त गरे। समाज कतारले केही दिन पहिले समाज नेपालसँग मिलेर सुनसरी जिल्लाका विभिन्न स्कुलहरूमा १ सय ४२ जना विद्यार्थीहरूलाई 'सद्भाव उपहार' स्वरूप 'झोला तथा शैक्षिक सामग्री' वितरण गरेको थियो। सद्भाव युवा समाज नेपालसँगको सहकार्यमा सुनसरी जिल्लाको बराहा क्षेत्र नगरपालिका वडा नं.९ का विभिन्न विद्यालयहरूमा उक्त सामग्री वितरण गरेको हो।

कतारको स्थानीय कम्पनी कतार एयरवेजमा कार्यरत नेपालीहरू मिलेर स्थापना गरेको श्री सद्भाव युवा समाजले सामाजिक सदभाव र आपसी सहयोगको लागि आवश्यकता अनुसार नेपालभर नै सहयोग गरिरहेको छ। केही समय पहिले पाठेघरको क्यान्सर रोगबाट ग्रसित पर्वतको जलजला गाउँपालिका वडा नम्बर ७ धाइरिङकी ५५ वर्षीया गंगा दमाईको उपचारका लागि १७ हजार ५ सय ४० रुपैयाँ नगद सहयोग गरेको थियो भने केही दिनभित्र सिन्धुली जिल्लाका बाढी पीडित तथा काठमाडौं र कीर्तिपुरका अनाथ बालबालिकाहरूका लागि 'माया घर' निर्माणमा लाग्ने अध्यक्ष गुरुङले बताए।

# सर्बिया पठाउने भन्दै ठग्ने २ पक्राउ

**काठमाडौं/मस**– सर्बियामा आकर्षक तलब, सुविधा दिलाउने प्रलोभन देखाएर ठगी गरेको आरोपमा २ जना पक्राउ परेका छन्।

कैलालीको टीकापुर नगरपालिका- १ घर भई हाल काठमाडौं महानगरपालिका- १० बुद्धनगर बस्ने २६ वर्षीय कमल रावल र रामेछापको लिखुतामाकोसी गाउँपालिका- ३ बिजुलीकोट घर भई काभ्रेको बनेपा नगरपालिका- ९ नयाँबस्ती बस्ने ३४ वर्षीय उखिल बम्जन पक्राउ परेका प्रहरीले बताएको छ। बम्जनले पीडित १ लाख ४० हजार र रावलले १ लाख ५० हजार रुपैयाँ ठगी गरेको उजुरी परेको छ।

बम्जनलाई पिंगलास्थानबाट र रावललाई ताहाचलबाट पक्राउ गरेको भन्दै प्रहरीले थप अनुसन्धान र कारबाहीका लागि वैदेशिक रोजगार विभाग पठाएको बताइएको छ।

## प्रत्यक्ष...

चुनिने प्रणालीको पक्षमा छ बरु राजनीतिक स्थिरताका लागि प्रतिनिधिसभामा प्रत्यक्ष चुनिएका सांसदहरू मात्र हुने र समानुपातिक निर्वाचन प्रणालीबाट आउने सांसदलाई राष्ट्रियसभामा राख्न सकिने मत राख्दै आएको छ। समावेशी प्रतिनिधित्वका लागि निश्चित क्षेत्र तोक्न सकिने कांग्रेस नेताहरूको मत रहँदै आएको छ। पछिल्लो पटक सरकार बनाउँदा कांग्रेस र एमालेले संविधान संशोधन गर्नुपर्ने भनेर यसैलाई नयाँ सरकार बनाउनुपर्नाको प्रमुख कारण भन्दै आएका छन्।

यसअनुसार गृहकार्य गर्ने जिम्मेवारी एमालेमा महासचिव शंकर पोखरेलले लिएका छन् भने कांग्रेसमा गृहमन्त्रीसमेत रहेका नेता रमेश लेखकले संविधान संशोधनको एजेन्डामा पार्टीको नेतृत्व गर्दै आएका छन्।

अर्थात्, मुख्य राजनीतिक दलहरू संविधान संशोधन गर्नुपर्ने बहसमा उत्रिएका छन्। तर, उनीहरूका एजेन्डा आ-आफ्नै छन्।

## कांग्रेस...

परियोजना अघि बढ्ने छ। पार्टीको अडान र संस्थागत निर्णयविपरीत हस्ताक्षर भएको भन्दै कांग्रेसले असन्तुष्टि जनाएको छ। कांग्रेस नेता तथा पूर्वपरराष्ट्रमन्त्री एनपी साउदले कांग्रेसको नीतिभन्दा फरक सहमति भएको टिप्पणी गरे।

'कांग्रेस-माओवादीको गठबन्धन सरकार हुँदा पनि हामीले बीआरआईमा अनुदान मात्र लिने भनेका थियौं', साउदले भने, 'प्रधानमन्त्रीको भ्रमणपूर्व पनि हामीले यही अडान सुनाएका थियौं। तर, चीनमा गठबन्धनमा भएको सहमतिविपरीत र निकै पर गएर सम्झौता भयो।'

नेता साउदले कांग्रेसको राष्ट्रिय/अन्तर्राष्ट्रिय तथा विदेश नीतिविपरीत सरकारले कदम चालेको र कांग्रेसको नीतिलाई कमजोर बनाउन खोजिएको दाबी गरे। उनले पार्टीको बैठक बसेर यस विषयमा थप छलफल गर्ने बताए।

कांग्रेस बीआरआई परियोजनाअन्तर्गत कुनै पनि हालतमा ऋण लिने पक्षमा थिएन। कांग्रेस केन्द्रीय कार्यसम्पादन समिति बैठकले औपचारिक निर्णय नै गरेर बीआरआई ऋणमा लिन नहुने बताएको थियो।

कांग्रेस-एमाले अहिले सत्ता सहकार्यमा छन्। बीआरआईलाई अनुदानमै लिनुपर्छ भन्ने कांग्रेसको अडानका कारण प्रधानमन्त्री ओलीको चीन भ्रमणअघि २ दलले कार्यदल बनाएर सहमति जुटाउने गृहकार्य गरेका थिए। परियोजनाको विषयमा एमाले र कांग्रेसबीच फरक मतलाई सहमतिको दस्तावेज बनाउन कांग्रेस महामन्त्री गगनकुमार थापा र एमाले नेता विष्णु रिमाल र युवराज खतिवडा गृहकार्य गरेका थिए।

कार्यदलले परियोजना अनुदानमा मात्र लिन सकिने साझा धारणा बनाएको थियो। तर, चीनलाई पठाइएको सो साझा धारणासहितको दस्तावेजलाई चीनले ठाडै अस्वीकार गरेपछि नयाँ शिराबाट छलफल भई सहमति भएको हो।

छलफलका क्रममा 'एड फाइनान्सिङ'को मोडलमा सहमति भई सम्झौतामा हस्ताक्षर भएको एमालेका उपमहासचिव प्रदीप ज्ञवालीले बताए।

'सत्ता गठबन्धनमा रहेका दलबीच सहमतिमै चीनसँग सम्झौता भएको हो', ज्ञवालीले भने। उनका अनुसार सम्झौताले 'ऋण' र 'अनुदान' उल्लेख गरेको छैन भने 'सहायता' शब्द उल्लेख गरेको छ। 'सम्झौतामा जुन शब्द नेपालले छनोट गरेको छ, त्यो निकै महत्त्वपूर्ण हो', उनले भने।

ज्ञवालीले छनोट भएका १० परियोजनाका विषयमा छुट्टै छलफल र सम्झौता हुने बताए।

कांग्रेसका नेता एवं राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष प्रा. डा. गोविन्दराज पोखरेलले पार्टीका नेताले बीआरआईबारे जनतालाई ढाँट्न नहुने बताए। 'नेताहरूले अब हामी बीआरआईको ऋण पनि लिन तयार भयौं भनेर जनतालाई भन्न सक्नुपर्छ', उनले भने।

सम्झौतामा उल्लेख भएको 'एड फाइनान्सिङ' शब्दले ऋणलाई नै जनाउने उनको तर्क छ। 'हामीले ऋण पनि लिने भयौं, अनुदान पनि लिने भयौं', डा. पोखरेलले भने।

चीन भ्रमणबाट फर्केपछि प्रधानमन्त्री ओलीले त्रिभुवन विमानस्थलमा सम्झौता ऋण नभएको प्रष्टचाए। 'जे प्राप्त गरेका छौं, त्यो ऋण होइन। ऋणको सारंगी किन बजिरहेको छ? पटकपटक भनेका छौं, यो ऋण होइन। ऋणसँग यसले सरोकार राख्दैन। परियोजनअनुसार छुट्टाछुट्टै सहमति हुन्छ', प्रधानमन्त्री ओलीले भने।

सम्झौताले १० वटा परियोजनासमेत छनोट गरेको छ। सम्झौताअनुसार टोखा-छहरे सुरुङमार्ग, हिल्सा-सिमकोट सडक परियोजना, किमाथांका-खाँदबारी सडक र पुल, जिलोङ-केरुङ-काठमाडौं सीमापार रेलमार्ग, डडेल्धुरामा अमरगढी सिटी हल, चिलिमे २२० केभी सीमापार प्रसारण लाइन, मदन भण्डारी विश्वविद्यालय, काठमाडौंमा साइन्टिफिक सेन्टर एन्ड साइन्स म्युजियम, दमकमा चीन-नेपाल औद्योगिक मित्रपार्क र झापा स्पोर्ट्स एन्ड एथ्लेटिक्स कम्प्लेक्स फ्रेमवर्कमा राखेको छ।

यस्तै, भ्रमणका क्रममा २ देशबीच ९ बुँदे सम्झौता पनि भएको छ। चीन सरकारका तर्फबाट २०७२ सालदेखि हालसम्म घोषणा गरिएको अनुदान रकम र नगद सहयोग करिब २ अर्ब ७० करोड रुपैयाँका अतिरिक्त चिनियाँ राष्ट्रपति सी चिनफिङले थप अनुदान करिब ९ अर्ब ३४ करोड रुपैयाँ घोषणा गरेका छन्।

## वास्तु...

'पार्किङ नभएको, नक्सामा बाटो कायम नभएको र अरूको घरको गेटबाट संघको भवनमा जानुपर्ने बाध्यता भएको भवनलाई खरिद गर्न बैना रकम दिएर कार्यालय नै स्थानान्तरण गर्नु उचित छैन।' संघको भवन खरिद जस्तो महत्त्वपूर्ण विषयमा व्यवसायी भेला बोलाएर बृहत् छलफल गर्नुपर्नेमा त्यसो नहुनु शंकास्पद पनि देखिएको भन्दै एसोसिएसनले त्यसमा आफ्नो गम्भीर ध्यानाकर्षण भएको जनाएको छ।

विगतमा व्यवसायीहरूसँग उठाएको रकम मात्र नडुबी व्यवसायीका सपना र भावना पनि दुरुपयोग भएको भन्दै एसोसिएसनले संघको भवन भनेको सम्पूर्ण व्यवसायीहरूको साझा सम्पत्ति भएकाले त्यसमा सबै व्यवसायीहरूको साझा योगदान र अपनत्व पनि हुनुपर्नेमा जोड दिएको छ।

संघको आफ्नै भवन हुनुपर्छ भन्नेमा सधैं सकारात्मक रहेको र आफ्ना सदस्य संस्थाहरूको आर्थिक योगदानको जिम्मेवारी लिनसमेत एसोसिएसन संस्थागत रूपमा तयार रहेको पनि दाबी गर्दै एसोसिएसनले भनेको छ, 'एसोसिएसनले गलत नियतले ल्याइएका कुराहरूमा सदैव खबरदारी तथा सचेत गराउने र गलत गर्न लागेमा सदैव खबरदारी गर्ने छ।'

यता, संघका अध्यक्ष राजेन्द्र भण्डारीले संघ स्थापनाको ३२ वर्षको अवधिमा आफ्नै भवन नहुनुको पीडादायी अवस्थाको अन्त्य गर्न उपयुक्त स्थानमा भवन खरिद गरिएको बताएका छन्।

संघको आफ्नो भवन भएमा दैनिक कार्यालय संचालन, भावी योजना निर्माण र कतिपय नीतिगत छलफलमा समेत गुणात्मक परिवर्तन ल्याउन सकिने भन्दै अध्यक्ष भण्डारीले हालको स्थानमा खरिद गर्न लागिएको भवनको विरोध गर्नेहरू समयको अन्तरालमा आफैं पश्चात्ताप गर्ने अवस्थामा पुग्ने बताएका छन्।

## संघसँग...

प्रक्रियाहरू, खरिद गर्न लागेको जग्गाको लालपुर्जा, भवनको नक्सा र निर्माण सम्पन कागजात, भवन खरिदका लागि सम्बन्धित निकायको स्वीकृति, भवन खरिदका लागि हालसम्म संकलन भएको रकमको विवरण र अन्य कुनै संघसंस्थाबाट आर्थिक सहयोग पाउने अवस्था भएको भए त्यसको जानकारी दिन माग गरेको छ।

# अखिल क्रान्तिकारीको राष्ट्रिय सम्मेलन स्थगित

**काठमाडौं/मस**–माओवादी केन्द्रको विद्यार्थी संगठन अनेरास्ववियु क्रान्तिकारीको २३औं राष्ट्रिय सम्मेलन स्थगित भएको छ। २३ र २४ मंसिरमा हुने तय भएको अनेरास्ववियु क्रान्तिकारीको २३औं राष्ट्रिय सम्मेलन स्थगित भएको हो। बिहीबार बसेको माओवादी केन्द्रका पदाधिकारी बैठकले सम्मेलन स्थगित गर्ने निर्णय गरेको छ।

पार्टी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डनिवास खुमलटारमा बसेको पदाधिकारी बैठकले सम्मेलन स्थगित गर्ने निर्णय गरेको हो। २७ मंसिरमा बस्ने स्थायी समिति बैठकले सम्मेलनबारे निर्णय गर्ने सचिव दीनानाथ शर्माले जानकारी दिए। उनले भने, 'विद्यार्थी सम्मेलनको नयाँ मिति स्थायी समितिको बैठकले निर्णय गर्नेछ। यो एक हप्तामा विद्यार्थीको निर्वाचन आयोगले प्रतिनिधिको निर्क्योल गर्नेछ।' प्रतिनिधि कति हुन्, को को हुन् भन्ने नहुँदा कुर्सी हानाहानको अवस्था आएको उल्लेख गर्दै सचिव शर्माले भने, 'त्यो नहोस् भनेर पहिला प्रतिनिधि निर्क्योल गरेर मात्र सम्मेलनको मिति तोक्ने निर्णय भएको छ।'

यो एक हप्तामा निर्वाचन आयोगले प्रतिनिधिका बारेमा छलफल गर्ने र त्यसको सुझाव पार्टीलाई दिएपछि २७ गते स्थायी समिति बैठकले निर्णय गर्नेछ।

क्रान्तिकारीमा उमेर हद लगाउने र नलगाउने विषयमा विवाद हुँदा सम्मेलन हलमा कुर्सी हानाहान भएको थियो।

यसअघि असोज १०-१५ सम्म त्रिभुवन विश्वविद्यालय कीर्तिपुरमा सञ्चालन भएको सम्मेलनमा उमेर हदको विवाद चर्किंदा स्थगित भएको थियो। विधानमा नै उमेर हद लगाउने कि न लगाउने भन्ने विषयमा विवाद हुँदा विधान पास हुन सकेको छैन। सम्मेलनबाट विधान पास गरेर नेतृत्वको छनोट गर्न २३-२४ मंसिरमा राष्ट्रिय सम्मेलन गर्ने मिति तोकिएको थियो।

# फुङलिङमा सार्वजनिक बिदा

**ताप्लेजुङ/मस**– चासोक तङनाम पर्व २०८१ को अवसरमा ताप्लेजुङको फुङलिङ नगरपालिकाले शुक्रबार सार्वजनिक बिदा दिएको छ।

फुङलिङ नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत प्रकाश पौडेलले चासोकको अवसरमा शुक्रवार एक दिन स्थानीय बिदा दिने निर्णय भएको जानकारी दिए। शुक्रबार नगरपालिकाको कार्यालय, वडा कार्यालय, स्वास्थ्य संस्था एवम् शिक्षण संस्था बन्द रहने फुङलिङ नगरपालिकाले जनाएको छ। चासोक तङनाम सञ्चालन समितिले मंसिर १५ गते फुङलिङ नगरपालिका वडा नं ४ अम्बिटारस्थित भानुजन माविको खेल मैदानमा अन्तर्राष्ट्रिय आमन्त्रण गोल्डकप, सांस्कृतिक तथा मनोरञ्जनात्मक कार्यक्रम सञ्चालन गरिरहेको छ।

शनिबार गोल्डकपको फाइनल हुनेछ भने शुक्रवार सांस्कृतिक कार्यक्रम सहितका विविध मनोरञ्जनात्मक कार्यक्रम हुने चासोक तङनाम सञ्चालन समितिका उपाध्यक्ष दिनेश लिङखिमले जानकारी दिए। सांस्कृतिक कार्यक्रममा लागि शान्तिश्री परियार, झूमा लिम्बू, माल्भिका सुब्बा सहितका कलाकार आउँदैछन् भने रैथाने ब्याण्डको प्रस्तुति समेत रहने छ। चासोक तङ्नाम न्वागी खाने पर्व हो।


**Shivasatakshi Municipality**
**Office of the Municipal Executive**
**Koshi Province, Jhapa**

**Invitation for online Bids**

**Date of 1st Publication : 2081/08/21 (06-Dec-2024)**

Shivasatakshi Municipality invites electronic bids from eligible bidders for the following procurement work under National Competitive bidding procedures specified in Public Procurement Act 2063 and Regulations 2064.

| Contract Number | Description of Work | Bid Doc Fee | Estimated Amount Without Vat & Contingencies | Bid Validity Perid | Minimun Bid Security Amount | Bid Security Validity Perid | Deadline For Submission of Bid | Opening of Bid |
|---|---|---|---|---|---|---|---|---|
| 10/SM/ NCB/Bldg/ 2081/82 | Construction of Bhanu and Jhiljhile School Building, Shivasatakshi 07 & 08 | Nrs 3000 | Nrs 68,06,322.14 | 90 Days After Bid opening | Nrs 1,96,000 | 30 Days beyond the Validity of Bid | 05-Jan-2025 12: 00 Hours | 05-Jan-2025 14: 00 Hours |

**Information to deposit the cost of Bidding document in Bank**
**Name of the Bank : Nepal Investment Mega Bank Nepal LTD, Byangdada branch**
**Name of Office : Shivasatakshi Municipality**
**Office Account no. : 29601400000017**

If Bidder wishes to submit the Cash Security ,the Cash should be deposited in the name of shivasatakshi municipality office, Dharauti account No. 29601400000048 on behalf of of Shivasatakshi Municipality at Nepal Investment Mega Bank Nepal LTD , Byangdada branch and submit the recipt of deposited amount of cash along with sealed Bid.


A complete set of Bidding Documents may be download from PPMO website www.bolpatra.gov.np/egp. Bidder may obtain further information from the office of Shivasatakshi miunicipality ,Tel 023-470323 or visit website www.shivasatakshimun.gov.np.

If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission..

The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever

**Chief Administrative Officer**

# कोशीका पूर्वमन्त्री अधिकारीलाई मुद्दा नचलाउने निर्णयविरुद्ध सर्वोच्चमा रिट दर्ता



**काठमाडौं/मस-** कोशी प्रदेशका पूर्व आन्तरिक मामिला तथा कानुनमन्त्री लिलाबल्लभ अधिकारीविरुद्ध मुद्दा नचलाउने निर्णयविरुद्ध सर्वोच्च अदालतमा रिट दर्ता भएको छ ।

यसअघि आइतबार वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठीले अधिकारीमाथि मुद्दा नचल्ने जिल्ला सरकारी वकिलको कार्यालय काठमाडौंको निर्णय बदरको माग गर्दै पुनःअनुसन्धान गरी मुद्दा दायर गर्ने निर्देशन माग गर्दै सर्वोच्चमा रिट निवेदन दिएका थिए । तर, अदालतका रजिष्ट्रार भद्रकाली पोखरेलले उक्त रिट दरपीठ गरिदिएका थिए ।

रिट दरपीठ गरिदिएपछि अधिवक्ता त्रिपाठीले बिहीवार पुनः दायर गरेको रिट सर्वोच्चले दर्ता गरेको हो । निवेदनको सुनुवाइका लागि आइतबार पेशी तोकिएको छ । 'मुद्दा नचलाउने गरी जिल्ला सरकारी वकिल कार्यालयले गरेको निर्णय प्रथम दृष्टिमै गैरकानुनी, बदनियतपूर्ण एवं स्वेच्छाचारी भएकोले उक्त निर्णय बदर गरी लीलावल्लभ अधिकारीलाई तत्काल पक्राउ गरी मुद्दा चलाउन' त्रिपाठीले रिट निवेदनमा माग गरेका छन् ।

मानव तस्करको आरोपमा २५ कात्तिकमा अधिकारी पक्राउ परेका थिए । जिल्ला सरकारी वकिलको कार्यालय काठमाडौंले अधिकारीविरुद्ध मुद्दा नचल्ने निर्णय गरेपछि उनी ११ मंसिरमा हिरासतमुक्त भएका थिए । जापान भ्रमणमा जाने क्रममा मानव तस्करी गरेको आरोप अधिकारीमाथि छ ।

नक्कली परिचयपत्र बनाई संगठित गिरोहलाई रकम बुझाएर जापान पुगेका तीन युवालाई जापानको अध्यागमनबाट फिर्ता गरिएलगत्तै त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट पक्राउ गरेर प्रहरीले अनुसन्धानको दायरामा ल्याएको थियो ।

नक्कली कागजात बनाएर जापान पुगेका रसुवाका कञ्चन देवकोटा, खोटाङका दावा शेर्पा र जनक राईलाई प्रहरीले पक्राउ गरेर अनुसन्धान गरिरहेको छ । तत्कालीन मन्त्री अधिकारी आर्ट्स काउन्सिल टोकियोले अक्टोबर २९ देखि नोभेम्बर ३ सम्मका लागि आयोजना गरिएको 'कल्चर एट होट' कार्यक्रममा भाग लिन भनेर जापान गएका थिए । अधिकारीले भने तीनजनालाई आफूले हङकङमा भेटेको र फिर्ता ल्याएर नेपाल प्रहरीको जिम्मा लगाएको बताउँदै आएका छन् । तीन जनामध्ये शेर्पासँग खोटाङको ऐंसेलुखर्क-२ को वडा सदस्यको नक्कली परिचयपत्र थियो भने देवकोटा र राईले कोशी प्रदेशको आन्तरिक मामिला तथा कानुन मन्त्रालयको कर्मचारीको परिचयपत्र बोकेका थिए ।

# मौलिक दर्शन र चिन्तनहरूका बारेमा प्रज्ञाप्रतिष्ठानले अध्ययन थाल्ने



**काठमाडौं/मस-** अन्तर्राष्ट्रिय दर्शन दिवस-२०२४ का अवसरमा नेपाल प्रज्ञा-प्रतिष्ठान, दर्शनशास्त्र विभागद्वारा आयोजित 'समाज विकास र दर्शन' विषयक विचार-गोष्ठी सम्पन्न भएको छ ।

उक्त विचार-गोष्ठीको ब्यानर वाचन गरेर प्रज्ञा-प्रतिष्ठानका कुलपति भूपाल राईले एक समारोहबीच समुद्घाटन गरेका थिए । उनले दर्शनमा भौतिकवादी र अध्यात्मवादी धारा रहेको बताउँदै तीमध्ये विश्वमा फैलिएका दर्शनका आयाम वा हाँगामध्ये नेपाली मौलिक दर्शन र दार्शनिक चिन्तनहरूका बारेमा प्रज्ञा-प्रतिष्ठानले खोजमूलक अध्ययन गरी तिनको निरुपण गर्ने बताए ।

दार्शनिक चिन्तक गोपीरमण उपाध्यायले 'समाज विकास र दर्शन' विषयक कार्यपत्र प्रस्तुत गर्दै 'वर्तमान युग समाजवाद र पुँजीवादबिच द्वन्द्वको युग रहेको र यसको दार्शनिक चिन्तन प्रणाली वैज्ञानिक भौतिकवाद रहेको धारणा राखे ।

उक्त कार्यपत्रमाथि टिप्पणी गर्दै मार्क्सवादी चिन्तक श्याम श्रेष्ठले कुनै पनि दर्शनलाई गति र वर्गीय समानताको आधारमा आलोचनात्मक दृष्टिकोणसहित विज्ञानसम्मत ढंगले समाज विकासलाई हेर्नुपर्ने बताएका थिए । अर्का टिप्पणीकार राजनीतिक चिन्तक प्रमेश हमालले समाज विकासमा दर्शन र चिन्तनले पारेको प्रभावलाई वस्तुत निष्ठ व्याख्या गर्न जोड दिएका थिए ।

सभाध्यक्ष तथा नेपाल प्रज्ञा-प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य तथा दर्शनशास्त्र विभाग प्रमुख डा.कृष्णराज अधिकारीले कार्यक्रमको औचित्यमाथि प्रकाश पार्दै कुनै धर्मले संशयलाई रोक्ने बताए । उनले भने, 'तर कुनै पनि दर्शनले विषयवस्तुमाथि संशय पैदा गरिदिन्छ भने दर्शन विज्ञानले ठ्याक्कै निरुपण गर्छ । यसको समाज विकासमा गहिरो प्रभाव रहेको छ ।'

विचार-गोष्ठीमा प्राज्ञसभा सदस्यद्वय डा.भागवत आचार्य र धर्मेश पोखरेल तथा सहभागीका तर्फबाट डा.भरतप्रसाद बराल, निमानन्द रिजाल, डा.सोम धिताल, प्रकाश तिमल्सिना र प्रेम शिल्पकारले आ-आफ्ना जिज्ञासा राखेका थिए । कार्यक्रमको उद्घोषण प्राज्ञसभा सदस्य चेतनाथ धमलाले गरेका थिए ।

# सांसद चौधरीको मुद्दामा सर्वोच्चले १७ पुसमा निर्णय सुनाउने




**काठमाडौं/मस-** सर्वोच्च अदालतले कैलाली-२ बाट निर्वाचित नागरिक उन्मुक्ति पार्टीका सांसद अरुण कुमार चौधरीको योग्यता विवादमा १७ पुसम निर्णय सुनाउने भएको छ । सांसद चौधरीको योग्यतासम्बन्धी विवादबारे दायर भएको रिटमाथि सुनुवाइ गर्दै बुधबार बसेको संवैधानिक इजलासले १७ पुसमा मुद्दाको निर्णय सुनाउने मिति तोकेको हो । चौधरी हाल संस्कृति, पर्यटन तथा नागरिक उड्डयन राज्यमन्त्री छन् ।

प्रधानन्यायाधीश प्रकाशमान सिंह राउत, न्यायाधीशहरू सपना मल्ल प्रधान, कुमार रेग्मी, हरिप्रसाद फुयाल र डा.मनोजकुमार शर्मा सम्मिलित संवैधानिक इजलासले चौधरी सांसद बन्न योग्य हुन् या होइनन् भन्ने विषयको निर्क्यौल गर्नेछ ।

मुद्दामाथि सुनुवाइका लागि १६ पटक पेशी तोकिएको थियो । २९ चैत्र २०७९ मा बसेको संवैधानिक इजलासले मुद्दामा सुनुवाइ गर्दै अन्तरिम आदेश जारी नहुने भन्दै अग्राधिकार दिएको थियो । त्यस बीचमा पेशी तोकिए पनि सुनुवाइ हुन सकेन । ५ मंसिर ५ मा बसेको संवैधानिक इजलासले मुद्दामा सुनुवाइ गर्दै हेर्दाहेर्दैमा राखेको थियो । बुधवार बसेको सोही इजलासले १७ पुसमा फैसला सुनाउने निर्णय गरेको हो । अधिवक्ता वसन्त जोशीले चौधरीले फौजदारी मुद्दामा कैद बाँकी नै रहेको अवस्थामा ढाँटेर उम्मेदवारी दर्ता गराएकाले सांसद पद खारेजीको माग गर्दै २०७९ चैत्र १६ गते सर्वोच्चमा रिट दायर गरेका थिए ।

निर्वाचन आयोग, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, संघीय संसद सचिवलाय, राष्ट्रपति कार्यालय र अरुण कुमार चौधरीलाई रिट निवेदनमा प्रतिवादी बनाइएको छ । सार्वजनिक सम्पत्तिमा आगजनी गरेको मुद्दामा दोषी ठहर भएका चौधरीलाई तत्कालिन राष्ट्रपति विद्यादेवी भण्डारीले आममाफी दिएपछि रिहा भएका थिए । रिहा भएपछि उनको सांसद पद जोगिएको थियो । सरकारले दिएको आममाफी बदर गर्दै सांसद पद खारेज गरी कैलाली-२ मा उपनिर्वाचन हुनुपर्ने माग रिटमा गरिएको छ ।

कैलालीको गोराङगा खोलाबाट ढुंगा लिएर लम्की जाँदै गएको ट्याक्टरमा ३ भदौ २०६६ सालमा आगजनी भएको थियो । ट्याक्टर धनी मोतिपुरका महादेव बजगाईले ट्याक्टरमा आगो लगाइदिएको भनी परशुराम चौधरी, अरूण चौधरी र वीरबहादुर चौधरीविरुद्ध उजुरी दिएका थिए । सोही मुद्दामा सांसद चौधरीलाई जिल्ला अदालत कैलालीले ६ महिना कैद सजाय र ८ लाख १९ हजार रुपैयाँ भराउने फैसला गरेको थियो । सोही मुद्दा कार्यान्वयनका लागि उनी बाँकेको कोहलपुरबाट १९ माघ २०७९ पक्राउ परेका थिए । उनी २० माघ २०७९ मा जेल चलान भएका थिए ।

# बौद्धिक पलायनको अवस्था चिन्ताजनक : डा. भट्टराई



**काठमाडौं/मस-** नेपाल समाजवादी पार्टीका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराईले देशमा रहेका विषयविज्ञ र प्राविधिकहरूको सही सदुपयोग गर्न नसक्दा नेपालले बौद्धिक पलायनको गम्भीर समस्या भोगिरहेको बताएका छन् ।

बिहीवार काठमाडौँमा आयोजित 'आर्कविल्ड एक्स्पो २०२४'को उद्घाटन कार्यक्रममा बोल्दै डा. भट्टराईले नेपाल जस्तो विकासशील र विकासोन्मुख देशमा विकास निर्माण सँगसँगै हुने पर्यावरणीय समस्याको समाधान गर्न प्रविधि र विषय विज्ञहरूको अधिकतम प्रयोग गर्नुपर्ने बताए ।

उनले आर्किटेक्टले मानवजातिको विकास र भौतिक प्रगति मात्र नभई कला, संस्कृति र सम्पदाको समेत प्रतिनिधित्व गर्ने भएकाले यसलाई पेशाको रूपमा नभई अभियानको रूपमा अँगाल्नुपर्ने बताए । अध्यक्ष भट्टराईले आर्किटेक्टलाई समयानुकूल सदुपयोग गरी आफ्नै देशमा जनशक्ति परिचालन गर्नुपर्ने बताए ।

अध्यक्ष भट्टराईले भने, 'आर्किटेक्टले मानवजातिको विकास र भौतिक प्रगति मात्र होइन, कला, संस्कृति लगायत क्षेत्रको प्रतिनिधित्व पनि गर्छ । दुःखका साथ भन्नुपर्छ हाम्रा जस्तो अल्पविकसित देशले देशमा रहेका विषयविज्ञहरू, प्राविधिकहरूको सदुपयोग गर्न नसक्दा हामो जस्तो गरिब देशले ब्रेन ड्रेन अर्थात् बौद्धिक पलायनको गम्भीर समस्या भोग्नु परेको छ ।'

# स्याङ्जामा क्षयरोग खोजपड्ताल अभियान



**स्याङ्जा/मस-** स्याङ्जाको भीरकोट नगरपालिका-१ बयरघारी बजारमा क्षयरोग खोजपड्ताल शिविर गरिएको छ । शिविरमा आएका मध्ये ११ जनामा क्षयरोगका संक्रमण पुष्टि भएको छ भने थप ३९ जना शंकास्पद देखिएका छन् ।

स्याङ्जाका ११ पालिकामध्ये भीरकोटमा परीक्षण गरिएका मध्ये २ दशमलव ४ प्रतिशतमा क्षयरोगको संक्रमण देखिएको छ । शिविरमा आएका मध्ये ४ सय ५० जनाले स्वास्थ्य परीक्षण गरेका थिए । ती मध्ये ३९ जनामा क्षयरोग हुनसक्ने आशंकामा खकारको नमुना परीक्षणका लागि जीन एक्सपर्ट ल्याब पठाइएको स्वास्थ्य कार्यालयका क्षयरोग अधिकृत विष्णु सुवेदीले जानकारी दिए । जापान-नेपाल स्वास्थ्य तथा क्षयरोग अनुसन्धान संस्था (जन्त्र) को आयोजनामा स्वास्थ्य कार्यालय स्याङ्जाको समन्वय तथा क्षयरोग उपचार केन्द्र पोखराको सहकार्यमा भीरकोट शिविर गरिएको हो ।

एआई पद्धतिको डिजिटल पोर्टेबल आधुनिक मेशिनबाट विशेषज्ञ चिकित्सक सहितको टोलीले छातीको एक्सरे विधिबाट स्वास्थ्य परीक्षणमा गरिएको थियो ।

दीर्घरोगी, बयोवृद्धा, क्षयरोगको सम्पर्कमा आएका जोखिमपूर्ण समूहलाई लक्षित गर्दै शिविर आयोजना गरिएको भीरकोटका उपप्रमुख भगवती अर्यालले बताइन् । लाज र डरले रोग लुकाएर बस्न नहुने उनको भनाइ छ । सबै स्वास्थ्य संस्थाबाट निःशुल्क प्राप्त हुने औषधी नियमित सेवन गरेमा समयमै रोग निको हुने हुँदा नडराउन, नआत्तिनु तथा नलुकाउन उनको सुझाव छ ।

क्षयरोगको औषधी सबै स्वास्थ्य संस्थाबाट निःशुल्क पाइन्छ । नियमित र चिकित्सकको सल्लाह बमोजिम औषधी सेवन गरे क्षयरोग निको हुन्छ । निरन्तर ज्वरो आउने, खोकी लाग्ने, टाउको दुख्ने, वाकवाक हुने, खकारमा रगत लगायतका लक्षण देखिएमा क्षयरोग हुन सक्ने अनुमान गर्दै स्वास्थ्यकर्मीको सल्लाह लिन क्षयरोग उपचार केन्द्र पोखराका निर्देशक डा. सुनिलराज गौतमको भनाइ छ । आर्थिक वर्ष २०८०/०८१ मा क्षयरोगका संक्रमणबाट १४ जनाको मृत्यु भएको स्वास्थ्य कार्यालय स्याङ्जाका प्रमुख केशव चापागाईंले जानकारी दिए । उनका अनुसार गत आर्थिक वर्षमा २८१ जना नयाँ क्षयरोगी भेटिएको छ ।


## प्रेस विज्ञप्ति

तीन दशकभन्दा बढीको इतिहास, करिब १००० भन्दा बढी व्यवसायी कम्पनीहरु आबद्ध, ३००० भन्दा बढी व्यवसायीहरु जोडिएको ऐतिहासिक संस्था नेपाल वैदेशिक रोजगार व्यवसायी संघले आफ्नै भवन खरिद गर्न खोज्नु सबै व्यवसायीहरुका लागि खुसी अनि गौरवको विषय हो । संघको भवन भनेको सम्पूर्ण व्यवसायीहरुको साझा सम्पत्ति हो जसमा सबै व्यवसायीहरूको साझा योगदान र अपनत्व पनि हुनुपर्दछ । संघको आफ्नै भवन किन्ने वा बनाउने विषयमा नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसन सधैं सकारात्मक छ र आफ्ना सदस्य संस्थाहरुको आर्थिक योगदानको जिम्मेवारी लिनसमेत संस्थागतरुपमा तयार छ ।

विगतमा संघका लागि आफ्नै भवन आवश्यक महसुस भएर का.जि., का.म.न.पा. ३५ मा संघले ७ आना जग्गा खरिद गरेको र त्यही जग्गामा भवन बनाउने भनि शिलान्यासमेत भएको स्मरण गराउन चाहान्छौं, तर हाल आएर त्यो जग्गा सामान्य टहरासमेत बनाउन नमिल्ने अवस्थामा देखिन्छ । उक्त जग्गामा नेतृत्वले भोलिको दिन देख्न नसक्दा व्यवसायीहरुसँग उठाएको रकम मात्र डुबेन हुँदा यसरी व्यवसायीका सपना र भावना पनि दुरुपयोग भएका छन् । हाल आएर पुनः संघले आफ्ना घटक, शुभेच्छुक, जातीय, भेगीय संस्थाहरु, र संघकै पूर्वजिम्मेवार व्यक्तित्वहरुलाई समेत बाहिर राखेर अपारदर्शीरुपमा संस्थागत सम्पत्ति खरिद प्रक्रियासमेत पूरा नगरी काठमाडौंको सिफलमा पार्किङ नभएको, नक्सामा बाटो कायम नभएको र अरुको घरको गेटबाट संघको भवनमा जानुपर्ने बाध्यता भएको भवनलाई खरिद गर्न बैना रकम दिएर कार्यालय नै स्थानान्तरण गरिसकेको देखियो र सोही भवन खरिदका लागि व्यवसायीहरुसँग रकम माग गरिरहेको र रकम दिन दबाबसमेत दिइरहेको भन्ने गुनासो पनि प्राप्त भयो। भवन खरिद जस्तो महत्वपूर्ण विषयमा व्यवसायी भेला बोलाएर बृहत् छलफल गर्नुपर्नेमा त्यसो नहुनु शंकास्पद पनि देखिएकाले यस एशोसिएसनको गम्भीर ध्यानाकर्षण भएको छ। यसर्थ उक्त भवन व्यवसायीहरुका लागि उपयुक्त नदेखिएको र खरिद प्रक्रिया पनि अपारदर्शी भएको भनि व्यवसायीहरुबाट व्यापक गुनासो आएकाले यस प्रक्रियालाई सच्याएर बढ्न/बढाउन लोकतान्त्रिक एशोसिएसन हार्दिक अनुरोध गर्दछ ।

सम्पूर्ण व्यवसायीहरुको सामूहिक योगदानले खरिद गरिने साझा सम्पत्तिको खरिद प्रक्रिया पारदर्शी होस्, सबै व्यवसायीहरुको अपनत्व होस्, सबै व्यवसायीहरुलाई पायक पर्ने स्थानमा होस् र सुविधा सम्पन्न पनि होस् भन्ने यस एशोसिएसनको स्पष्ट धारणा हो । साथै यस एशोसिएसन आफ्ना सदस्य तथा शुभेच्छुकहरुबाट एकमुष्टरुपमा रकम जम्मा गरी संघको भवन बनाउने वा किन्ने योजनालाई सहयोग गर्न तयारसमेत रहेको जानकारी गराउँदछौं । व्यवसायीहरुको एकता, हक, हित र संरक्षणका लागि स्थापित यस लोकतान्त्रिक एशोसिएसनले सही नियतले ल्याइएका हरेक विषयमा समर्थन र सहयोग गर्नेछ, तर यसरी गलत नियतले ल्याइएका कुराहरुमा सदैव खबरदारी तथा सचेत गराउनेछ, साथै गलत गर्न दिने छैन भन्ने प्रतिबद्धता पनि सम्पूर्ण व्यवसायीहरुमाझ राख्न चाहान्छौं ।

**जय वैदेशिक रोजगार व्यवसाय !**

**महेश कुमार बस्नेत**
**महासचिव**

**दिपक थापा**
**अध्यक्ष**

**नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएशन**
नयाँबानेश्वर, काठमाडौं, फोन न. ०१–४५६६४२८, ईमेलः ndfeefforum@gmail.com



## Koshi Rural Municipality
## Office of Rural Municipal Executive
**Laukahi, Sunsari**
**Koshi Province, Nepal**

## Invitation for Bids

**First Date of Publication: December 6, 2024 (2081.08.21)**

1. Koshi Rural Municipality, Laukahi, Sunsari invites electronic bids from eligible bidders for the following Sealed Quotation.

| S.N. | Contract Identification Number | Description of Work/Goods | Bid Security Amount (NRs.) | Bid Security Validity Period | Bid Document Fee (NRs.) |
|---|---|---|---|---|---|
| 1 | 03/KOSHI/SQ/GO/2081-082 | Procurement, Supply and Delivery of Sanitary Pads. | 48,000.00 | 75 days from date of bid opening | 1,000.00 |

| | |
|---|---|
| Deadline for bid submission | December 22, 2024 (2081.09.07) till 12:00 hours. |
| Date, time and place of bid opening | December 22, 2024 (2081.09.07) till 13:00 hours at Koshi Rural Municipality, Sunsari. |
| 1. Bank Account details for bid document fee | System Account Name: GA 1.1 KOSHI GA.PA. AANTARIK RAJASHO KHATA<br>Account no.: 29101400000079<br>Name of Bank: Nepal Investment Mega Bank Ltd., Laukahi Branch |
| Account details for bid security amount | System Account Name: GA 3 KOSHI GA.PA. DHARAUTI KHATA<br>Account no.: 29101400000147<br>Name of Bank: Nepal Investment Mega Bank Ltd., Laukahi Branch |

2. Interested eligible bidders may obtain further information from Koshi Rural Municipality, Laukahi, Sunsari at office hours or may visit E-procurement section of PPMO's Website: https://www.bolpatra.gov.np/egp/
3. Bidding document is available online and can be downloaded from website: https://www.bolpatra.gov.np/egp/ and bidders have to submit their bids through e-GP system of PPMO website: https://www.bolpatra.gov.np/egp/ as specified in instruction to bidder.
4. The office reserves right to accept or reject any or all bids without assigning any reason, whatsoever.

**Chief Administrative Officer**

## सम्पादकीय

# सीमा नाघेका मेयर

धरान उपमहानगरका मेयर हर्क साम्पाङले आफ्नोबारे रिपोर्ट तयार पार्ने पत्रकारविरूद्ध सार्वजनिक चेतावनी दिएका छन् । साम्पाङको पृष्ठभूमि र मेयरका रूपमा गरिरहेको गतिविधि पारदर्शी नरहेको रिपोर्ट तयार पार्ने पत्रकार गोपाल दाहालविरूद्ध उनले लगातार चेतावनीको भाषा प्रयोग गरिरहेका छन् । उनको शैली र प्रतिक्रियाप्रति नेपाल पत्रकार महासंघलगायत सामाजिक संस्थाहरूले आपत्ति जनाएका छन् । सच्चिन र माफी माग्न गरिएको अपिललाई मेयर साम्पाङले खण्डन गरिरहेका छन् । यसअघि पनि सार्वजनिक पदका निम्ति सुहाउने उनको भाषा हुँदैनथ्यो । आफ्नाबारे प्रश्न गर्ने जोकोहीविरूद्ध खनिनुलाई साम्पाङले योग्यता सम्झने गरेका थिए । गैरदलीय उम्मेदवारी दिएर मेयर जितेकाले पनि त्यस्तो दम्भ उनमा विकास भएको प्रस्ट छ । एउटा व्यक्तिले त्यति ठूलो उपमहानगरको नेतृत्व जित्नुलाई उनले त्यसबेला अपनाएको शैली स्वाभाविक पनि थियो । प्रमुख दलहरूले निरन्तर गल्ती गरिरहने तर सच्याउन तयार नहुने कमजोरीलाई साम्पाङले आफ्नो पक्षमा जनमत बनाउने अवसरका रूपमा प्रयोग गरे । लोकतान्त्रिक शासन प्रणालीमा मेयर साम्पाङले जस्तो विधि अपनाए, त्यो संविधानले दिएको अधिकार थियो ।

मतदाताले पनि उनलाई रूचाए । साम्पाङलाई रोज्न पाउनु मतदाताहरूको अधिकारको विषय हो । त्यसैले जुन शैलीका साथ मेयर जिते, जिताइए त्यसको सम्मान हुनुपर्छ । आज मेयरको वैधानिक हैसियतमा रहेकैले साम्पाङप्रति नागरिकको विश्वास, भरोसा र आपत्तिहरू छन् । विधिको शासनमा मेयर साम्पाङ, आमनागरिक र राज्यबीचको त्यस्तो सम्बन्ध हुनै पर्छ । अर्थात्, मेयरको हैसियतमा रहेसम्म साम्पाङ समाजको वैधानिक हिस्सा हुन् । उनको दायित्व, कर्तव्य र प्रतिक्रियाहरू पनि वैधानिक हुनुपर्छ, एक हदसम्म मर्यादित हुन आवश्यक छ । तर, उनको पछिल्लो गतिविधि र निर्णयले सीमा नाघिरहेको छ । अदालतको फैसलाबारे जथाभावी बोल्ने, फरक विचारलाई अस्वीकार गर्ने, राज्यको प्रचलन र विधि नमान्नेदेखि प्रश्न उठाउनेहरूविरूद्ध सार्वजनिक चेतावनी दिने कार्य निन्दनीय हो । एउटा मेयरका रूपमा गरिन नहुने कार्यहरू हुन् । अझ कसैको ज्यान नै असुरक्षित हुने संकेतसहितको चेतावनी किमार्थ स्वीकार्य हुन्न । यसरी राज्य चल्न सक्दैन ।


मेयर साम्पाङको भाषा आजको सचेत पुस्ताका निम्ति योग्यसमेत छैन । संभवतः नयाँ भनेर आएका दलहरू र स्वतन्त्र जितेका अरू पात्रहरूको सिको उनले पनि गरेको हुन सक्छ किनकि मिडिया क्षेत्रप्रति रास्वपाका सभापति रवि लामिछानेले केही समय अगाडि तथानाम निष्कर्ष सुनाएका थिए । अहिले आमसंचारप्रति अविश्वास सिर्जना गर्ने एउटा पात्रका रूपमा रवि बन्न पुगेका छन् । काठमाडौं महानगरका मेयर बालेन पनि मिडियाप्रति अनुदार छन् । कतिपय नेताहरूले पनि मिडियाबारे जथाभावी निष्कर्ष प्रस्तुत गर्ने गर्छन् । त्यसैको सिको गर्दै मेयर साम्पाङले सार्वजनिक चेतावनी दिएको अनुमान गर्न सकिन्छ । तर, विधिको शासन र संविधानको सर्वोच्चता कमजोर बनाउने वातावरणले समाज सुरक्षित रहँदैन । असुरक्षित समाजले नागरिकको जीवनको प्रत्याभूति दिलाउन सक्दैन । समग्रमा लोकतन्त्र र जनतालाई नै कमजोर बनाउने छन् । अतः एउटा विधिबाट आएका व्यक्तिले विधिको शासनप्रति विश्वास गर्नुपर्छ । स्वतन्त्र पत्रकारिता विधिको शासन र लोकतन्त्रलाई बलियो बनाउने फरक क्षेत्र हो । त्यसैले कतिपयले यसलाई चौथो अंग पनि भन्छन् । तर, मेयर साम्पाङले कमजोरी लुकाउन अथवा कुनै नियतका साथ आफ्नो सीमा नाघेका छन् । यसमा उनले माफी माग्न आवश्यक छ, त्यही नै एक मात्र विकल्प हो ।

# सम्भव छैन युवाबिनाको समृद्धि

अग्रलेख



● लोकनारायण सुवेदी



प्रत्येक परिवर्तनकारी मोडमा युवाहरूको नै नेतृत्वकारी भूमिका हुने गर्छ । इतिहासलाई केलायौं भने समाजलाई नयाँ दिशातिर लैजान, नयाँ विचार र दृष्टिकोण युवाहरूले नै दिएका पाइन्छ । वास्तवमा कुनै पनि समाजमा बृहत्तर र सूक्ष्मतम् परिवर्तनको बिँडो उठाउने र जोखिम मोल्ने काम युवा पिँढीबाट नै भएको छ ।

हुन पनि युवामा विशेषगरी २ किसिमका महत्त्वपूर्ण गुणहरू हुन्छन्, पहिलो- युवामा यस्तो ऊर्जा हुन्छ कि उसले कुनै नयाँ कुरा गरेर देखाउने उत्साह र उत्सुकता राख्छ । दोस्रो- कुनै मानिस युवा पिँढीमा प्रवेश गर्दै गर्दा अपवादलाई छाडेर, सामान्यतः जीवनमा त्यतिका धेरै हन्डर, ठक्कर उसले खाएको हुँदैन । त्यतिका बढी निराश बनेको पनि हुँदैन कि कुनै नयाँ काम गर्ने जाँगरै मरेको होस् र प्रयास नै नगरोस् । यी २ गुणले विशेषतः युवालाई परिवर्तनको संवाहक बनाएको हुन्छ ।

विश्वमा कुनै क्रान्ति या आमूल परिवर्तनको आवश्यकता महसुस हुँदा त्यतिबेला युवाहरूले नै मोर्चाको नेतृत्व लिन्छन् । गन्तव्यसम्म पुऱ्याउँछन् । चाहे त्यो राजनीतिक मोर्चा होस्, चाहे आर्थिक मोर्चा होस्, चाहे सामाजिक या सांस्कृतिक मोर्चा नै किन नहोस् ।

युवा पिँढीको उत्साहप्रद स्फुर्ति, कार्य गर्ने शौर्य र सदिच्छालाई यदि सही दिशा निर्देश र अवसर मिल्छ भने त्यतिबेला परिवर्तन र अग्रगमनका लागि यो पिँढीले धेरै अभूतपूर्व कार्यसम्पादन गरेर समाजको नेतृत्व गर्न सक्छ । इतिहासलाई केलाउँदा यसका थुप्रै उदाहरण भेटिन्छ । यद्यपि, युवा पिँढीलाई गलत दिशातिर धकेल्ने अवस्था बन्यो भने त्यसले ठूलो विनाश पनि ल्याउन सक्छ ।

> *दुर्भाग्य ! हामीले देशमा हुँदै आएका राजनीतिक परिवर्तनपछि युवा शक्तिलाई देशको विभिन्न क्षेत्रमा सही नीति, योजना र कार्यक्रमका साथ समावेश गर्न सकेनौं । युवालाई पलायन गराउने नीतिलाई प्रोत्साहन गऱ्यौं, फलस्वरूप आज हाम्रा युवाहरू अधिकाशतः खाडी, मलेसिया, कोरियालगायत विश्वका विभिन्न देशमा छरिएर रहेका छन्*

नेपालको सन्दर्भमा इतिहासलाई केलायौं भने विगतदेखि अहिलेसम्म विशेषतः युवा पिँढीले मुलुकको अस्तित्व कायम राख्न र परिवर्तनको आन्दोलनलाई अघि बढाउन अत्यन्तै महत्वपूर्ण भूमिका खेलेको पाउँछौं । मध्ययुगिन राणाशाहीविरुद्ध सामाजिक विभेद र बिषमताको अन्त्य तथा सामाजिक मुक्ति र प्रगतिको निमित्त जुन सुन्दर सपना साँचेर हाम्रो युवा पिँढी विगतदेखि सतत् संघर्ष गर्दै आयो, त्याग, साहस, समर्पण र बलिदानको बाटो समात्यो, त्यो अविस्मरणीय छ । चाहे लखन थापाको कुरा गरौं, योगमायाको कुरा गरौं, गोर्खाको कुरा गरौं या नेपाल प्रजापरिषद्को कुरा गरौं ।

पछिल्लो २००७ सँगैका संघर्षलाई केलाउँदा नेपाली कांग्रेस या नेपाल कम्युनिस्ट पार्टीको गठन र संघर्षको कुरा गरौं, जसको नेतृत्व युवा पंक्तिबाटै भएको पाइन्छ । युवा शक्तिले इतिहासलाई सही बाटोमा डोहोऱ्याएको बेला नेपालमा परिवर्तनको सपना साँचो र जीवन्त बनेर खडा भएको छ भने युवा पिँढीले बाटो बिराउँदा या गलत दिशामा धकेलिँदा नेपाल पछि धकेलिएको पाइन्छ । त्यस कारण युवा पिँढी र यसको ऊर्जालाई सही बाटो देखाउनु अत्यावश्यक छ । अन्यथा, समाजले सुनौलो भविष्य गुमाउने छ ।

यसमा निश्चय नै कुनै २ मत छैन कि नेपालको युवा शक्ति सकारात्मक सोच राख्ने परिवर्तनकामी शक्ति मात्र होइन, मिहिनेती र इमानदार शक्ति पनि हो । अनवरत काममा लागिरहने, जीवन्त कुरामा विश्वास गर्ने शक्ति पनि हो । सामाजिक कार्यमा पनि सक्रियतापूर्वक सहभागी हुने र हुँदै आएको शक्ति पनि हो । तर, दुर्भाग्य ! हामीले देशमा हुँदै आएका राजनीतिक परिवर्तनपछि युवा शक्तिलाई देशको विभिन्न क्षेत्रमा सही नीति, योजना र कार्यक्रमका साथ समावेश गर्न सकेनौं । युवालाई पलायन गराउने नीतिलाई प्रोत्साहन गऱ्यौं, जसको फलस्वरूप आज हाम्रा युवाहरू अधिकाशतः खाडी, मलेसिया, कोरियालगायत विश्वका विभिन्न देशमा छरिएर रहेका छन् । उनीहरूको जीवनको एउटा महत्वपूर्ण उद्देश्य कामको खोजीमा अर्थात् रोजगारीका लागि विदेश जानु नै हुन्छ ।

आज हाम्रो राष्ट्रिय आम्दानीको एउटा महत्वपूर्ण हिस्सा विदेशबाट प्राप्त विप्रेषण हुन्छ र हामी त्यसमा ठूलो गर्व पनि गर्छौं । भलै, त्यो विप्रेषण पुनः अरू कुनै देशमा त्योभन्दा बढी परिमाणमा प्रवाहित नै किन भइरहेको नहोस् । वास्तवमा

हामीले युवा शक्तिलाई देश र जनताप्रति सत्य निष्ठाका साथ समर्पित भएर सुझबुझतापूर्वक लाग्ने वातावरण बनाएनौं बरु उत्ताउलो, हाहा हुहु गरेर सत्ता वा त्यसको वरिपरि घुम्ने खालको बनाउने काम गऱ्यौं र गरिरहेका छौं । त्यसको दुष्परिणाम आज हामी राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक हरक्षेत्रमा देखिरहेका छौं ।

सुन्दर भविष्य निर्माण गर्ने, दिगो आधार तयार गर्ने भन्दा पनि 'जो हात सो साथ'को बाटो लाग्न प्रेरित गरिरहेका छौं । उनीहरूलाई धैर्यवान्, शौर्यवान् र सच्चरित्रवान् बनाउनेतिर हामी लागेनौं र लाग्ने कुनै संकेत पनि देखाइरहेका छैनौं ।

'सत्य केही होइन, सत्ता सबै थोक हो' भन्ने कुरा आजको नेतृत्वले स्थापित गराएको छ, जसको प्रभाव आमरूपमा युवामा परेको छ । एकातिर हाम्रो व्यवस्था निकै भ्रष्ट प्रकृतिको बनाएका छौं भने अर्कोतिर युवा वर्गलाई निषेध गर्ने शैलीको बनाएका छौं ।

३ तहको संरचनामा युवाहरू सहज ढंगले प्रवेश गर्ने अवस्था छैन । चुनावी प्रणाली निकै खर्चिलो मात्र छैन, इमानदार र समाजका बारेमा सोच्ने युवा सहभागी हुने अवस्था छैन । अहिलेको परिपाटीले भ्रष्ट व्यवस्थालाई मात्र जगेर्ना गरिरहेको छ, जसको प्रभाव आमरूपमा समाज दिशाविहीन बन्दै छ ।

अहिलेको युग सूचना प्रविधिको युग हो । निश्चय नै इ-ज्ञान, इ-काम र इ-आर्जनको आजको यो २१औं शताब्दीको आधार हो । यद्यपि, हामीले युवा समुदायलाई कस्तो बनाउने भन्नेतर्फ गम्भीर भएर सोचेनौं । सिक्न पनि चाहेनौं । यो आजको ज्वलन्त र तीतो सत्य हो । यद्यपि, वर्षौं वर्षदेखि नेपाली समाजमा भए रहेका अर्थ-राजनीतिक तथा सांस्कृतिक-सामाजिक विकृति र विसंगतिहरूलाई रातारात 'छु मन्तर' गरेर हटाउन सकिन्छ भन्ने होइन ।

